नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २५० २०८२ साल बैशाख २४ गते बुधबार (7 May 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : जैविक विविधता र जलच ... ३ पृष्ठमा : संविधानको भावनाअनुसार ... ३ पृष्ठमा : क्यालिफोर्नियामा डुङ्गा...

# नव निर्मित राजविराज बसपार्क नगरपालिकालाई हस्तान्तरण

# गएको ३८ बर्षमा ४ पटक शिलान्यास, साढे ८ बर्षपछि निर्माण सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, २३ बैशाख ।**

अन्ततः विगत साढे आठ बर्ष देखि निर्माणाधिन राजविराज बसपार्क मंगलबार एक कार्यक्रमकाबीच राजविराज नगरपालिकालाई हस्तान्तरण गरिएको छ। यो संगै ३८ बर्ष अघि पहिलो पटक शिलान्यास गरिएको राजविराज बसपार्क निर्माणको सपना पुरा भएको हो।

सघन शहरी तथा भवन निर्माण आयोजना सप्तरीले कार्यक्रमको आयोजना गरि आयोजना प्रमुख सुरेन्द्र कुमार साहले राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीनलाई बासपार्कको साँचो र निर्माण सम्पन्न भएको प्रमाणपत्र हस्तान्तरण गरेका छन्।

शहरी विकास मन्त्रालयको १५ करोड ६० लाख रुपैयाँमा नव निर्मित बसपार्कको २०७४ साल पुष १९ मा सिनर्जी विल्डर्स प्रालि कुलेश्वर १४ काठमाडौंले ठेक्का समझौता गरेको थियो।

राजविराज बसपार्कको पहिलो पटक ०४४ सालमा तत्कालीन प्रधानमन्त्री मरिचमान सिंह, दोश्रो पटक २०४६ मा तत्कालीन अञ्चलाधीश सूर्यबहादुर सेन ओली र तश्रो पटक २०५२ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले पनि शिलान्यास गरेका थिए। तर, निर्माण काम अगाडी बढ्न सकेको थिएनन्।

पछिल्लो पटक (चौथो पटक) २०७४ सालमा शहरी विकास मन्त्रालयका सचिव दीपेन्द्रनाथ शर्मा र राजविराज नगरपालिकाका तत्कालिन प्रमुख शम्भुप्रसाद यादवले संयुक्त रुपमा बसपार्कको शिलान्यास गरेका थिए।

यसपटक भने साढे आठ बर्षपछि निर्माण सकेर राजविराज नगरपालिकालाई हस्तान्तरण गरिएको हो।

हस्तान्तरण कार्यक्रममा बोल्दै प्रमुख अतिथि सप्तरीका प्रमुख जिल्ला अधिकारी भोला दाहालले अव छिट्टै नै बसपार्कबाट यातायात संचालन हुने विश्वास व्यक्त गरे। बसपार्कको अभावले जताततै पार्किङ्गका साथै राजविराज मेनरोडको विभिन्न स्थानबाट लामो तथा छोटो दुरीका बस संचालन हुँदै आएकोमा अब त्यो समस्याको समाधान हुने उनले बताए।

निर्माण पुरा भएर बसपार्क हस्तान्तरण गरिएकोमा सरोकारबाला सबै र निर्माण कम्पनी सबैलाई उनले बधाई तथा धन्यवाद दिए।

सघन शहरी तथा भवन निर्माण आयोजना सप्तरीका प्रमुख सुरेन्द्र कुमार साहले अनेक बाधा अवरोध पार गरेर सबैको सहयोगमा बसपार्कको निर्माण सकिएर हस्तान्तरण गर्न पाउँदा उत्साहित भएको बताए।

उनले पहिलो पटक भएको समझौताको म्याद अनुसार २०७७ पुष १८ मा निर्माण सम्पन्न हुनुपर्नेमा कोभिड महामारी, मौसम प्रतिकूलता जस्ता अनेक व्यवधानले पटक-पटक म्याद थप गर्नु परेको बताउँदै समझौता भएको समय भन्दा ढिलो भएपनि काम सम्पन्न भएर नगरपालिकालाई हस्तान्तरण गर्न पाएकोमा खुशी व्यक्त गरे।

बसपार्कको साँचो तथा प्रमाणपत्र बुझ्दै राजविराज नगरपालिकाका कार्यवाहक प्रमुख इसरत परवीनले छिट्टै नै बसपार्क संचालनमा ल्याउने प्रतिवद्धता जनाईन्। राजविराज नगरपालिकामा अनेक समस्या रहेको र त्यसकाबीच बसपार्कको निर्माण सकिएर नगरपालिकालाई हस्तान्तरण गर्नु ठूलो उपलब्धि भएको उनको भनाई छ।

राजविराजको राजदेवी चौक स्थितमा १९ हजार ६ सय ४४२ वर्ग किलोमिटर क्षेत्रफलमा निर्माण गरिएको आधुनिक सुविधा सम्पन्न बसपार्कमा सोधपुछ कक्ष तथा मुख्य प्रवेशद्वार, टिकट काउन्टर र बेटिङ एरिया सहित पुरुष शौचालय, २ वटा पसल र शौचालय, रेष्टुरेन्ट, मिनीमार्केट हल, बैंक ब्रान्च, पाँच तल्ले क्लक टावर, दुईवटा गार्ड हाउस, दुईवटा मेन गेट पब्लिक शौचालय र सर्भिस सेन्टर लगायतको संरचना निर्माण गरिएको छ।

कार्यक्रममा जसपा नेपाल सप्तरीका अध्यक्ष केदार यादव, नेपाल प्रेस युनियन सप्तरीका अध्यक्ष विनय कुमार लाल कर्ण, वडा नम्बर २ का वडाध्यक्ष अरुण यादव सहितकाले बसपार्कबाट यथाशिघ्र यातायात संचालन गरेर राजविराजको बजार क्षेत्रमा जथाभावी भईरहेको पार्किङ्ग समस्या समाधान गनुपर्नैमा जोड दिए। कार्यक्रमा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरु लगायतको उपस्थिति थियो।

# राजविराजमा कुमारी कन्या पूजन गरेर मनाइयो जानकी नवमी



**दैनिक समाचारदाता**
**राजविराज, २३ बैशाख ।**

विश्व हिन्दु परिषद् नेपाल सप्तरीले कुमारी कन्या पुजन गरि जानकी नवमी अर्थात सीता जयन्ती मनाएको छ।

राजविराज स्थित भगवती मन्दिरको प्राङ्गणमा मंगलवार परिषदले ५१ जना कुमारी कन्याको पुजन गरी जानकी नवमी एवं सीता जयन्ती मनाएको हो। बैशाख शुक्लपक्ष नवमी तिथिमा माता सीता प्रकट भएको धार्मिक मान्यता अनुसार कन्या पूजन गरिएको कार्यक्रमका संयोजक दिलिप दासले जानकारी दिए।

उनले नेपालको राष्ट्रिय विभुती सीता कै स्वरुप दिएर कन्याहरुलाई श्रृंगार सहित सुसज्जित गरि उनीहरुलाई पुजन गर्दै भोजन समेत गराईएको बताए।

कार्यक्रममा सहभागि ५१ जना कुमारी कन्यालाई उपहार स्वरुप चुनरी, मुकुट र शैक्षिक सामाग्री सहित दक्षिणा समेत प्रदान गरिएको संयोजक दासको भनाई छ।

***बाँकी तीन पृष्ठमा***

# विविध कार्यक्रम सहित मिलाफको साधारणसभा सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २३ बैशाख ।**

मैथिला भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि क्रियाशील संस्था मिथिला साहित्य कला प्रतिष्ठान नेपाल 'मिलाफ' ७ औं बार्षिकोत्वस विविध कार्यक्रम गरि मनाएको छ।

छिन्नमस्ता गाउँपालिकाका भवनमा मंगलबार आयोजना गरिएको वार्षिकोत्सवको अवसरमा जानकी नवमी उपर विचार, पुरस्कार तथा सम्मान कार्यक्रम र साधारणसभा समेतको आयोजना गरेको हो। कार्यक्रमका प्रमुख अतिथि पुर्व सिचाई मन्त्री उमेश यादवले राजनीतिक दलहरुमा मातृभाषा प्रति संवेदनशीलता न्यून रहेकोले मातृभाषाहरुले देशमा उपयुक्त

***बाँकी चार पृष्ठमा***

**भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।**

**नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस**

Wisdom School

Rajbiraj 2

**राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो**

**हाम्रो विशेषताहरु**

- दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने।
- बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने।
- CC Camera को निगरानीमा पठनपाठन गराइने।
- अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने।
- प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको।
- गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
- कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने।

**प्रधानाध्यापक**

Wisdom School, Rajbiraj 2

**सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२**

## सम्पादकीय ....

## विपद् व्यवस्थापनको चुनौती

सप्तरी जिल्ला प्राकृतिक विपद्हरूको दृष्टिकोणले अति संवेदनशील क्षेत्र हो। बाढी, आगलागी, चुरे क्षेत्रको क्षरण, र जलवायु परिवर्तनका असरहरू यहाँका प्रमुख चुनौतीहरू हुन्। यद्यपि विपद् व्यवस्थापनका लागि विभिन्न योजना र संरचनाहरू बनेका छन्, तिनको प्रभावकारी कार्यान्वयनको अभावले गर्दा स्थानीय बासिन्दाहरू बारम्बार जोखिममा परिरहेका छन्। जिल्लामा प्रत्येक वर्ष मनसुनको समयमा बाढी र डुबानको समस्या दोहोरिन्छ। नदी किनारमा बाँध र निकास प्रणालीको अभावले गर्दा धेरै क्षेत्रहरू डुबानमा पर्छन्। यद्यपि बाढीको समस्या पुरानो भए पनि स्थायी समाधानका लागि पर्याप्त पहल भएका छैनन्। बजेट अभाव र दीर्घकालीन योजना नहुनु यसको प्रमुख कारणहरू हुन्।

हालैका वर्षहरूमा सप्तरीमा आगलागीका घटनाहरू बढेका छन्। विशेष गरी गर्मी महिनामा तापक्रमको वृद्धिसँगै आगलागीको जोखिम बढ्ने गरेको छ। आगलागीबाट जनधनको ठूलो क्षति हुने गरेको छ। यद्यपि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाहरू बनेका छन्, तिनको प्रभावकारी कार्यान्वयनमा कमी देखिन्छ। जिल्लको चुरे क्षेत्र वन फँडानी र अवैध उत्खननका कारण क्षरण भइरहेको छ। यसले माटोको क्षरण, जल स्रोतको सुख्खापन, र बाढीको जोखिम बढाएको छ। चुरे क्षेत्रको संरक्षणका लागि दीर्घकालीन रणनीति आवश्यक छ।

तसर्थ विपद् व्यवस्थापनमा सरकारी निकायहरू, स्थानीय तह, र समुदायबीच समन्वय आवश्यक छ। विपद् जोखिम न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि, पूर्वसूचना प्रणालीको विकास, र आपतकालीन सेवाहरूको सुदृढीकरण आवश्यक छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# जैविक विविधता र जलचर संरक्षणमा जलाशय

**- रञ्जिता अधिकारी**

देउखुरी (दाङ), २३ वैशाख (रासस)।

दाङको घोराही उपमहानगरपालिक-१ र २ मा पर्ने चेपे जलाशय घोराही-सिमलतारा सडकको छेउमा २०७३ सालसम्म सानो खोल्सो थियो। रामपुरबाट पूर्वतिर जाने साना ट्याक्सी अप्ठ्यारो साँघुरो बाटोका कारण सोही खोलामा खस्दा धेरै मानिस घाइते हुन्थे। झन्डै ७.५ बिघा क्षेत्रफलमा फैलिएको सिमसार क्षेत्र (स्थानीय भाषामा चेपे सोतो) स्थानीय मानिस तथा पशुपक्षीको खानेपानी तथा मौसमी सिँचाइको स्रोत थियो। संरक्षणको अभावले पुरिँदै जाँदा सिमसार क्षेत्रको अस्तित्व नै सङ्कटतिर धकेलिएको थियो। यसले गर्दा स्थानीयलाई खडेरीमा त परै जाओस् बर्खामा समेत आवश्यक पर्ने पानीको अभाव पूर्ति गर्न मुस्किल भएको थियो।

विक्रम संवत् २०७४ को स्थानीय निर्वाचनपछि स्थानीय अगुवा तथा स्थानीय सरकारको पहलमा चेपे ड्याम तथा सडक विस्तार भएको स्थानीय बताउँछन्। घोराही उपमहानगरपालिका र स्थानीय समुदाय यो सिमसार क्षेत्रको संरक्षणमा जुटेपछि अहिले उक्त क्षेत्र ७.५ बिघामा विस्तार भई चेपे तालको नामले परिचित छ। यो ताल अहिले स्थानीय ८०० घरपरिवारको जीविकाको आधार मात्र बनेको छैन, जलचर संरक्षण, पर्यावरण संरक्षण तथा वन्यजन्तुको प्यास मेटाउने र आन्तरिक तथा बाह्य पर्यटकको घुमघामको थलो समेत बनेको छ।

रामपुर गाउँको वरिपरि खोला, नदी र पानीका स्रोत छैनन्। पहिले सिँचाइको समस्याले गर्दा खेती गर्न गाह्रो थियो। अहिले तालले गर्दा वरिपरिका सबै किसानले कृषि उत्पादन तथा आयआर्जन बढाएको स्थानीयको भनाइ छ। स्थानीय ७८ वर्षका भीमबहादुर चौधरी बाल्यकालको गाउँ सम्झँदै भन्नुहुन्छ, "चेपेखोला खोलाजस्तो थिएन। सानो खोल्सो थियो। फागुनदेखि जेठ असारसम्म पानीको अभाव हुन्थ्यो। खानेपानी हुँदैनथ्यो, खेती गर्ने कुरै भएन।"

उहाँका अनुसार गाउँलेहरू सबै गाग्री बोकेर खोल्साको पानी ल्याउँथे र खान्थे। पानी नहुँदा वर्षाको पानीको अवसर छोपेर धान रोपाइँ गरेको उहाँलाई सम्झना छ। २०७४ सालमा चेपे सोतालाई जलाशय बनाउन संरक्षण गर्ने कुरा उठेपछि आफूले तालसँग सटेको जमिन जलाधार निर्माण गर्न दिएको उहाँले बताउनुभयो। आजभोलि हिउँदमा समेत तालको पानी प्रयोग गरेर ढुक्कसँग सिँचाइ गर्न सकिएको उहाँ बताउनुहुन्छ। "तरकारी र अन्न बाली लगाउन वर्षातको पानी कुरिरहनु पर्दैन। गत वर्ष असारसम्मै पानी नपर्दा पनि तालको पानीले सिँचाइ गरी धान रोपेका थियौँ" उहाँले भन्नुभयो।

घोराही उपमहानगरपालिका(२ सुर्केडाडीका नवयुग टोल विकास संस्थाका अध्यक्ष सोमप्रसाद सुवेदीका अनुसार सानो सोतालाई सबैजना मिलेर ठूलो जलाशय बनाएका हुन्। १५ मिटर गहिरो तालले अहिले ८०० घरधुरीका २०० बिघा जमिनलाई सिँचाइ सुविधा पुगेको छ। जमिनमा सिँचाइको सुविधाले खेतीपातीलाई मात्रै होइन, चराचुरुङ्गी, जीवजन्तु सबैको पानीको समस्या समाधान भएको छ। गाउँका युवा सबै खेतपातीमा लागेका छन्। रोजगारीका लागि विदेश जानेको सङ्ख्या कम छ। "एकै याममा काउली, बन्दा र गोलभेँडा खेती गरेको सुर्केडाडी गाउँबाट झन्डै रु दुई करोडको तरकारी बिक्री भएको छ," उहाँले भन्नुभयो।

वर्षात्का बेला चुरे पहाडदेखि बग्दै आएको पानीलाई तालभित्र पठाउने व्यवस्था गरिएको छ। गाउँमा सिँचाइ गर्नका लागि पानी निकासको बाटो राखिएको छ। चेपे तालमा हिउँदका बेला पानीको कमी भयो भने पम्पसेटको प्रयोग गरेर पानी तान्ने गरिन्छ।

चेपेताल संरक्षण समितिका अध्यक्ष एवं घोराही उपमहानगरपालिका(१ का अध्यक्ष राममणि पाण्डेले भन्नुभयो, "तालको अस्तित्व नै सङ्कटमा गएको बेला यसको संरक्षणबाट हुने फाइदाका विषयमा स्थानीय समुदायसँग छलफल भयो। सुरुमा यहाँका स्थानीयले सहयोग गर्नुभएन सबैलाई पछि हुने फाइदाको बारेमा जानकारी गरायौँ, स्थानीयले तालको माथिल्लो भागमा बस्ने स्थानीयले बस्ती डुबानमा पर्ने खतरा रहेको भनेर विरोध गरे", उहाँले भन्नुभयो, "केही समयको विवादपछि उनीहरू सहमतिमा आए र छेउछाउका जमिन चेपेताललाई दिए। सिमेन्ट, बालुवाबिना प्राकृतिक तरिकाले माटोको आधार बनाई संरचना तयार भएको छ।"

घोराही उपमहानगरपालिका र लुम्बिनी प्रदेश सरकारको सहयोगमा ताल मर्मतसँगै संरक्षण गरिएको हो। अहिले रामपुरवासीहरूले परम्परागत बालीको उत्पादकत्व बढाउनेदेखि नयाँ कृषि उत्पादनसमेत थप्न र तालमा माछापालनसम्मका काम थालेका छन्। तालको विस्तारसँगै भएका परिवर्तनले गर्दा यो ताल पर्यटकीय आकर्षण र चर्चाको विषय बन्न थालेको उहाँको भनाइ छ।

### ताल संरक्षणले कृषि उत्पादनमा वृद्धि

घोराही उपमहानगरपालिका(१७ कर्जाहीमा पाँच वर्षअघिसम्म कुनै जलाशय नहुँदा सुख्खापन बढेको थियो। गाउँ नजिकैको सामुदायिक वन क्षेत्रमा रहेको सिमसार क्षेत्रको संरक्षणका लागि प्रदेश र स्थानीय सरकारले रु एक करोडको लागत र स्थानीयको पहलमा २०७७ सालमा जलाशय बनेको थियो। झन्डै दुई बिघामा फैलिएको यस जलाशय क्षेत्रको गहिराइ छ मिटर छ। यो जलाशय निर्माण भएपछि ९५ बिघा जमिनमा सिँचाइ सुविधा पुगेको छ।

घोराही उपमहानगरपालिका(१७ कर्जाहीका जीवन चौधरी ५५ वर्ष पुग्नुभयो। उहाँको पेसा खेतीपाती हो। आफ्नो एक बिघा र भाडामा ल्याएको नौ कट्ठा जमिन व्यावसायिक रूपमा तरकारीखेती गर्दै आउनुभएको छ। कक्षा ८ सम्मको अध्ययन गरेका चौधरीले व्यावसायिक तरकारीखेती गर्न थालेको चार वर्ष भयो। पछिल्लो समय बाह्रै महिना तरकारीखेती गरेर ६०/७० हजार रुपैयाँ आम्दानी गर्ने गरेको उहाँले बताउनुभयो। चार वर्ष अघिसम्म गाउँमा व्यावसायिकखेती हुँदैनथ्यो। कर्जाहीको जलाशय विस्तार भएपछि मात्रै पानीको पहुँचसँगै मानिसहरू खेतीपातीमा आकर्षित भएका छन्।

ताल संरक्षणसँगै अप्रत्यक्ष रूपमा वातावरण संरक्षण र प्रत्यक्ष रूपमा जीविकोपार्जनलाई जोड्ने कामले खेतीपातीमा सहजता थपिएको चौधरी बताउनुहुन्छ। स्थानीयलाई माछापालन, प्राकृतिक कृषिसम्बन्धी तालिम, ज्ञान, सीप दिने र बजारसम्म जोड्ने काम अभियान घोराहीले गरेको छ। कर्जाही गाउँबाट दैनिक ५० हजार बराबरको तरकारी बिक्री हुने गरेको छ। कर्जाही ड्याम लिफ्ट सिँचाइ आयोजनाका अध्यक्ष परशु चौधरीका अनुसार गाउँका २५० घरधुरीका ९५ बिघा जमिनमा सिँचाइ सुविधा पुगेको छ। अहिले बाह्रै महिना किसान खेतबारीमा मात्रै भेटिन्छन्।

### महिलाको आम्दानीमा वृद्धि

ताल संरक्षणसँगै अप्रत्यक्ष रूपमा वातावरण संरक्षण र प्रत्यक्ष रूपमा जीविकोपार्जनलाई जोड्ने कामले खेतीपातीमा सहजता थपिएको किसानहरू बताउँछन्। उनीहरू माछापालन, प्राकृतिक कृषिसम्बन्धी तालिम, ज्ञान, सीप दिने र बजारसम्म जोड्ने काम र अभियानमा जोडिएका छन्। जैविक मल तथा झोल मल बनाउने र प्रयोग गर्ने तरिकाहरू सिकेपछि गाउँमा रासायनिक मल तथा विषादीहरूको प्रयोग घट्दै गएको छ। बीउ छर्नेदेखि गोडमेल गर्ने, बाली भित्र्याउने र उत्पादनलाई बजारसम्म पुऱ्याउने काममा पालिकाले सहयोग गर्दै आएको छ।

थारू समुदायका महिलाहरूले परापूर्वकालदेखि बुन्दै आएको ढकिया, गुन्द्री, बीणा, पटकी, चटाई बुनेर व्यावसायिक बनेका छन्। यसले उनीहरूको सीप आयआर्जनको माध्यम बनेको छ। गुन्द्री र पटकी बुन्न प्रयोग हुने गुँद (एक प्रकारको झार) पानी भएको स्थानमा मात्र लगाउने गरिन्छ। हातले बुनेका वस्तु बिक्री गरेर महिलाहरूले आम्दानीको माध्यम बनाएको र यसबाट घरखर्च चलाउन सजिलो भएको स्थानीय रिता थारु बताउनुहुन्छ।

### सिमसार संरक्षणले नयाँ जीवन

जमिनको सतहलाई आंशिक तथा पूर्ण रुपले पानीले ढाकिएको क्षेत्र सिमसारमा वार्षिक वा केही समयसम्म पानी जम्मा हुनेगर्छ। साबिक जिल्ला भू-संरक्षण कार्यालय हाल भू तथा जलाधार व्यवस्थापन कार्यालय तुलसीपुरका जलाधार निर्देशक शिवराम अधिकारीले सिमसार संरक्षणले सिँचाइ व्यवस्थापन घरायसी प्रयोग, मत्स्य तथा घरेलु जनावर पालनका लागि उपयोगी भएको बताउनुहुन्छ। सिमसार संरक्षण तथा व्यवस्थापन गर्दै आएकाले हिउँद/गर्मी मौसमको समयमा पानी सञ्चय, नवीकरण र उपयोगमा सघाउ पुऱ्याउने उहाँको भनाइ छ।

जमिनको भित्री भागमा पानी सञ्चितीकरण गरी कल बोरिङ तथा कुवाको खानेपानीको सतहलाई घट्न नदिने काम भएको छ। स्थानीय तथा बसाइँसराइ गर्ने प्रजातिहरूको बासस्थान सुरक्षित गर्न पानीको पूर्ति भएको छ। उहाँले भन्नुभयो, "जलवायु परिवर्तनका असरहरूसँग अनुकूल तथा न्यूनीकरण गर्न, जैविक विविधता संरक्षण कार्यमा टेवा पुऱ्याउन सिमसार क्षेत्र संरक्षणले ठूलो योगदान गरेको छ। वातावरणीय सेवा भुक्तानीको अवधारणा विकास गर्न, भूमिगत जलस्रोतको सतह वृद्धि भएको, जमिनमा चिस्यान फैलाई खेतीयोग्य जग्गाको उर्वराशक्ति वृद्धि गरी किसान लाभदायी भएको गाउँको सौन्दर्यकरणमा थप योगदान पुगेको छ।"

पहिले हिउँद सुरु भएसँगै गाउँबाट पर रहेका खोला, खोल्सा र नदीमा पुऱ्याएर गाईवस्तुलाई पानी खुवाउनु पर्थ्यो। अहिले तालमै पानी प्रशस्त हुन थालेपछि गाउँमा सुकेका मुहान समेत रसाउन थालेका छन्। ताल संरक्षणपछि घरको इनारको पानी पहिलेभन्दा माथिको सतहमा आइपुगेको स्थानीय भौना चौधरीको अनुभव छ। ताल संरक्षणपछि गाउँ वरिपरिको जमिनमा प्राकृतिक पुनःभरण भएसँगै जमिन ओसिलो एवं उर्वर भइरहने र बाली उब्जाउमा वृद्धि भएको उहाँ बताउनुहुन्छ। अहिले पानीमा आश्रित जलचर जीवहरू र जंगली जनावर तथा चराचुरुङ्गीको संख्या समेत बढेको उहाँको भनाइ छ। सुख्खायाममा वन जङ्गलमा डढेलोको जोखिम अत्यधिक हुने गरेको र यसबेला आगलागी नियन्त्रणका लागि तालकै पानी प्रयोग गर्न सकिन्छ।

### चरा आउने क्रम बढ्दो

सिमसार क्षेत्रको संरक्षणले दाङमा पछिल्ला वर्ष आगन्तुक चराको सङ्ख्या बढेको छ। सिमसार र जलाशयहरू चराहरूका लागि उपयुक्त बासस्थान बन्न पुगेका छन्। कर्जाही गाउँ नजिकैको सामुदायिक वन क्षेत्रमा रहेको सिमसार क्षेत्रको संरक्षणपछि स्वदेशी तथा विदेशी चराको आकर्षणको केन्द्र बनेको स्थानीय बताउँछन्। नदी तलाउमा चिसो छल्न र खानेकुराको खोजीमा हरेक वर्ष हिउँदे आगन्तुक चरा आउँछन्। दाङमा पाइने चरा र आगन्तुक चराका बारेमा अध्ययन गर्दै आएका चिरञ्जीवी खनालले कृत्रिम जलाशय, सीमसारसँगै नदी आसपासमा विदेशी आगन्तुक चराको उपस्थिति लोभ लाग्दो रहेको बताउनुभयो।

उहाँका अनुसार नेपालमा चीन, पूर्वी युरोप, मङ्गोलिया, रुस, साइबेरिया तथा कोरियालगायतका ठाउँबाट चिसो छल्न चरा नेपाल आउने गर्दछन्। कुनै समय सुख्खा ठाउँ अहिले जलमग्न भएका छन्। चरा असोज तथा कात्तिकमा आइपुग्ने र बढीमा छ महिनासम्म बस्ने गर्दछन्। दाङमा २८ प्रजातिका जलपक्षी पाइन्छन्। कृत्रिम जलाशयले गर्दा चराको बासस्थान भएको उहाँको भनाइ छ। कृत्रिम ताललाई भविष्यमा अझै प्रवर्द्धन गर्दै जलपक्षीको पनि संरक्षणमा लाग्नुपर्ने उहाँको भनाइ छ। नेपाल पक्षीविद् सङ्घका अनुसार गतवर्ष गरिएको जलपक्षी गणनामा देशभरका १८ प्रमुख सिमसार क्षेत्रअन्तर्गत ८४ साना क्षेत्रमा ७९ प्रजातिका ६३ हजार ९०० जलपक्षी छन्। ती चराको संरक्षण गरेर बाह्य पर्यटकलाई आकर्षित गर्न सकिने भए पनि नेपालमा जलपक्षीको गणनाबाहेक

*बाँकी तीन पृष्ठमा*

# संविधानको भावनाअनुसार नागरिकको स्वास्थ्यमा समान पहुँच पुऱ्याउनु पर्छ : राष्ट्रपति पौडेल

काठमाडौं, २३ वैशाख (रासस)। राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको भावनाअनुसार आम नागरिकको स्वास्थ्यमा समान पहुँच पुऱ्याउन तथा स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि गर्न हाम्रो ध्यान केन्द्रित हुनुपर्ने बताउनुभएको छ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको २३औं वार्षिकोत्सव समारोहमा राष्ट्रपति पौडेलले संविधानले नेपाली नागरिकलाई स्वास्थ्य, शिक्षाजस्ता आधारभूत आवश्यकताको प्रत्याभूतिको व्यवस्था सुनिश्चित गरेको पक्षलाई मनन गर्न जरुरी रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "संविधानको भावनाअनुसार आम नागरिकको स्वास्थ्यमा समान पहुँच पुऱ्याउन र स्वास्थ्य सेवामा गुणस्तर वृद्धि गर्न ध्यान केन्द्रित गर्नुपर्दछ, राष्ट्रले दक्ष र विज्ञ चिकित्सक उत्पादनमा गरेको लगानी संविधानको त्यही भावना र मर्मअनुसार हो।"

राष्ट्रपति पौडेलले संविधानको यो भावना र मर्मलाई आत्मसात् गर्दै चिकित्सकहरूले पेसालाई सेवाभावको दृष्टिकोणले हेर्नुहुने विश्वास व्यक्त गर्नुभयो। हाल देशको स्वास्थ्य शिक्षामा गुणात्मक सुधारसँगै दक्ष र विज्ञ चिकित्सक नेपालमै उत्पादन हुनु नेपालकै लागि खुसीको विषय भएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले भन्नुभयो, "नेपालमै स्तरीय स्वास्थ्य सेवा तथा उपचार हुन थालेको छ, स्वास्थ्य सेवामा सुधार हुँदाहुँदै पनि सम्पूर्ण जनशक्तिले पर्याप्त अवसर नपाएको भन्ने गुनासो आइरहेको छ। चिकित्सक विदेसिने क्रम बढ्नु चिन्ताको विषय हो, यसलाई रोक्न सम्बद्ध पक्षले आवश्यक कदम चाल्नुपर्छ।"

प्रतिष्ठानले आफ्नो स्थापनाकालदेखि नै विभिन्न वर्ग, तह र भौगोलिक क्षेत्रका आम नागरिकलाई गुणस्तरीय तथा विशेषज्ञ सेवा प्रदान गर्दै आउनु खुसीको विषय भएको उल्लेख गर्दै उहाँले आगामी दिनमा सेवा क्षेत्रलाई थप व्यापक बनाउन, स्वास्थ्य सेवामा नवप्रवर्तन र अनुसन्धानलाई प्रोत्साहन गर्न निरन्तर सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो।

राष्ट्रपति पौडेलले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानअन्तर्गत रही शिक्षण अस्पतालका रूपमा यसले चिकित्सा शिक्षामा महत्वपूर्ण योगदान पुऱ्याउँदै भविष्यमा नयाँ नयाँ विधामा जनशक्ति उत्पादन गर्नेतर्फ समेत प्रतिष्ठान सफल हुने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा प्रा डा सुदीपकुमार भट्टचार्यलाई सम्मान गर्नुका साथै विभिन्न विधामा सर्वोत्कृष्ट अङ्क ल्याउने विद्यार्थीलाई नगद पुरस्कार र प्रमाणपत्र वितरण गर्नुभएको थियो।

### *जैविक...*

अरू काम हुन नसकेको विज्ञहरूको भनाइ छ।

**उपमहानगरको सराहनीय प्रयास**

दाङको घोराही उपमहानगरपालिकाले आव २०७५/७६ मा ताल संरक्षण गर्न सुरु गरेको हो। अहिलेसम्म ४३ वटा बनिसकेका छन्। तालबाट वर्षाको पानी जम्मा गरी हिउँदमा खेतीमा सिँचाइ गर्न सजिलो हुनाका साथै स्थानीयको आयआर्जनमा सहयोग पुगेको नगरप्रमुख नरुलाल चौधरी बताउनुहुन्छ। पालिकाले संरक्षण गरेको ताल हेर्न आउने स्थानीय र बाह्य पर्यटक आउने भएकाले त्यस क्षेत्रमा सञ्चालन भएका होटल, पसलहरू राम्रो चलेका छन्। जलाशयमा माछापालन गरेर र मौसमी (बेमौसमी तरकारी बेचेरै पनि स्थानीयले आम्दानी गर्न थालेका छन्। पोखरीमा जम्मा गरिएको पानीले बाह्रै महिना सिँचाइ भएपछि घोराहीभित्रका नागरिकको जीवनस्तर फेरिएको छ।

'हरित क्रान्ति आत्मनिर्भरता, सहभागिता र समता(मानव विकास स्वस्थ र स्वच्छ घोराही उपमहानगरपालिका' भन्ने पालिकाको नारालाई कार्यान्वयनमा ल्याउने क्रममा यहाँका सिमसार र जलाशयको संरक्षणलाई प्रमुख प्राथमिकता दिइएको उहाँ बताउनुहुन्छ। तालबाट जमिनमुनिको पानीको सतह पुनःभरण हुने भएकाले घोराही क्षेत्रका इनार, कुवामा हिँउद वा सुक्खा मौसममा पानीको अभाव नभएको उहाँको भनाइ छ।

# 'नीति तथा कार्यक्रम कर्मकाण्डमै सीमित'

काठमाडौं, २३ वैशाख (रासस)। राष्ट्रिय स्वतन्त्र पार्टीका नेता तथा प्रतिनिधिसभा सदस्य डा स्वर्णिम वाग्ले सरकारको नीति तथा कार्यक्रम कर्मकाण्डमै सीमित रहेको टिप्पणी गर्नुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा सरकारले गत शुक्रबार ल्याएको आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रममाथि छलफलका क्रममा दलीय आधारमा उहाँले आफ्नो धारणा राख्नुभएको हो।

उहाँले भन्नुभयो, "यो थाकेको सरकारले जाँगर नचलाइ ल्याएको पूरानै कार्यक्रमको सूची हो, बजेटको सिलसिलेवार मिलेको छैन, पर्यटनलाई भौतिक पूर्वाधारमा लगेर जोडिएको छ, कृषिलाई व्यापारसँग जोडिएको छ, नीति तथा कार्यक्रममा परराष्ट्र र अर्थ मन्त्रालयबीच पनि समन्वय देखिँदैन।" सरकार गठनको क्रममा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)बीच भएको सहमतिमा भ्रष्टाचार अन्त्य गर्दै सुशासन कायम गर्ने भनिए पनि व्यवहारमा शून्य देखिएको उहाँको भनाइ छ।

कांग्रेस र एमालेले संविधान संशोधन गर्ने सहमति गरेपनि सरकार गठन भएको १० महिनासम्म संशोधनको विषय बाहिर ल्याउन नसकेको उहाँले बताउनुभयो।

नेता वाग्लेले नीति तथा कार्यक्रममा समावेश उच्चस्तरीय आर्थिक सुधार सुझाव प्रतिवेदनको व्यावहारिक रूपमा कार्यान्वयन गरेको खण्डमा आफ्नो पार्टीले समर्थन गर्ने प्रतिबद्धता जनाउनुभयो। आर्थिक तथा व्यावसायिक वातावरण सुधार एवम् लगानी अभिवृद्धि विधेयकमा आफ्नो पार्टीले सरकारलाई सहयोग गरेको प्रसङ्ग उल्लेख गर्दै नीति तथा कार्यक्रममा भौतिक परियोजनाको पुनःप्राथमिकीकरण गर्ने विषय सकारात्मक भएको टिप्पणी गर्नुभयो।

त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता तथा सांसद ज्ञानेन्द्र शाहीले संविधानको धारा १७ (क)मा फरक विचार राख्ने व्यक्तिलाई स्वतन्त्रताको हकलाई बेवास्ता गरी सरकारले नीति तथा कार्यक्रम ल्याएको बताउनुभयो। उहाँले भन्नुभयो, "कृषिका क्रान्ति गर्ने भनिएको छ, तर एउटा माछा बेच्न सकिँदैन, देशमै उत्पादन भएको जुम्लाको स्याउ बेच्न सकिएको छैन, कम्तिमा कृषिजन्य पदार्थ बाहिरबाट आयात नगर्ने नीति बनाइयो भने जनता आफैं उत्पादनमा लाग्छन्।"

### *राजविराजमा...*

जानकी नवमीको अवसरमा मधेश प्रदेशका ८ वटै जिल्ला सहित ५४ वटा जिल्लामा एकै परिषदद्वारा कन्या पुजन गरिएको विश्वहिन्दु परिषद नेपाल मधेश प्रदेशका संगठन मन्त्री जंग बहादुर सिंहले बताए।

सो अवसरमा परिषदका प्रथम उपाध्यक्ष राज कुमार गुप्ता, सगरमाथा विभाग प्रमुख रामकिसुन साह, परिषद्का नगरप्रमुख प्रमोद चौधरी, धार्मिक कुञ्ज प्रमुख (सगरमाथा विभाग), सदस्य विष्णु देव चौधरी, देवकृष्ण चौधरी, विजय साह लगायतको पनि उपस्थिती रहेको थियो।


# लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु। - जोर्नी र मांशपेशीहरुमा असहय पीडा हुनु। - आँखाको गेडी दुख्नु।

- अत्याधिक टाउको दुख्नु। - शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं। - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं। -घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं। - पानी राखेको भाँडालाई छोपेर राखौं। - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

## अनुरोधकर्ता : विष्णुपुर गाउँपालिका, सप्तरी


## विश्व समाचार

# क्यालिफोर्नियामा डुङ्गा दुर्घटना हुँदा तीन जनाको मृत्यु, सात बेपत्ता

लसएन्जलस (अमेरिका), २३ वैशाख (रासस/एएफपी)। क्यालिफोर्नियाको तटमा डुङ्गा दुर्घटना हुँदा तीन जनाको मृत्यु हुनुका साथै सात जना बेपत्ता भएको अधिकारीहरूले सोमबार बताएका छन्।

अमेरिकी तटरक्षक बललाई सान डिएगोको उत्तरमा डेल मार नजिकै डुङ्गा दुर्घटना भएको सुचना प्राप्त भएको प्रवक्ता हन्टर श्नाबेलले बताउनुभयो। उहाँले घटनास्थलमा एउटा डुङ्गा र हेलिकप्टर पठाई चार जनालाई उद्धार गरी अस्पताल लगिएको र तीन जना मृत फेला परेको जानकारी दिनुभयो।

दुर्घटनामा परी बाँचेकाहरुसँगको लिएको अन्तर्वार्तालाई उद्धृत गर्दै डुङ्गामा दुई बालबालिकासहित अन्य नौ जना व्यक्ति रहेको श्नाबेलले बताउनुभयो।

'पङ्गा(शैली' जहाज कहाँबाट आएको थियो वा यो कहाँ जाँदै थियो भन्ने तत्काल जानकारी नभएको बताइएको छ। यद्यपि, केही व्यक्ति भारतीय राष्ट्रियताका हुन सक्ने आशङ्का रहेको प्रवक्ताले बताउनुभयो।

पङ्गाहरू उच्च धनुष भएका स्किफहरू हुन् जुन सामान्यतया माछा मार्नका लागि प्रयोग गरिन्छ, तर मेक्सिकोबाट संयुक्त राज्य अमेरिकामा समुद्री सीमा पार गरेर आउने मानिसहरूले पनि प्रयोग गरेका छन्।

खोज र उद्धार कार्यमा एक निश्चित विमान परिचालन गरी अनुसन्धान भइरहेको जनाइएको छ।

# ट्रम्पलाई अमेरिकामा १२ हजार शरणार्थी स्वीकार गर्न न्यायाधीशको आदेश

वासिङ्टन, २३ वैशाख (रासस/एएफपी)। सोमबार एक न्यायाधीशले राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनलाई संयुक्त राज्य अमेरिकामा लगभग १२ हजार शरणार्थीलाई प्रवेश गराउन आदेश दिएका छन्। यो अमेरिकाको आप्रवासन नीतिलाई पुनः आकार दिने सरकारको प्रयासमा एउटा धक्का हो।

यो आदेशले अपिल अदालतको फैसलाले लगाएको सीमाहरू स्पष्ट पारेको छ। उक्त फैसलाले ट्रम्प प्रशासनलाई शरणार्थी प्रवेश प्रणाली निलम्बन गर्न अनुमति दिएको थियो तर यसले संयुक्त राज्य अमेरिकाको यात्रा योजनाका साथ पहिले नै शरणार्थीको दर्जा प्राप्त गरेका मानिसहरूलाई स्वीकार गर्नुपर्ने बताएको छ।

ट्रम्प प्रशासनले गत हप्ताको सुनुवाइमा जनवरीमा प्रणाली रोक्ने कार्यकारी आदेशको दुई हप्ताभित्र यात्रा गर्न तालिका बनाइएका एक सय ६० जना शरणार्थीलाई मात्र प्रवेश गराउनुपर्ने तर्क गरेको थियो।

तर अमेरिकी जिल्ला न्यायाधीश जमाल ह्वाइटहेडले सोमबार उक्त दावीलाई खारेज गर्दै भन्नुभयो, "सरकारको व्याख्या, यसलाई नम्रतापूर्वक भन्नुपर्दा, उच्च स्तरको 'व्याख्यात्मक जिगरपोकरी ( बेइमान व्यवहार)' हो।"

"यसले केवल अपील निर्णयको रेखाहरू बीच पढ्नुपर्ने आवश्यकता मात्र होइन, तर साँच्चै त्यहाँ नभएको नयाँ पाठ देख्नुपर्ने आवश्यकता छ", ह्वाइटहेडले आफ्नो आदेशमा लेख्नुभएको छ।

ह्वाइटहेडले सुरुमा शरणार्थी प्रवेश रोक्ने ट्रम्पको कार्यकारी आदेशलाई अवरुद्ध गर्नुभएको थियो। फेब्रुअरीमा उहाँले सम्भवतः १९८० को शरणार्थी ऐन उल्लङ्घन गरेको फैसला गर्नुभएको थियो थियो।

उहाँको निर्णय एक महिनापछि नवौं सर्किट कोर्ट अफ अपील्सद्वारा खारेज गरिएको थियो।

"यदि नवौं सर्किटले दुई हप्ताको सीमा लगाउने उद्देश्य राखेको भए(जसले संरक्षित जनसङ्ख्यालाई लगभग १२ हजारबाट एक सय ६० व्यक्तिमा घटाउने थियो(यसले स्पष्ट रूपमा त्यसो गर्ने थियो", ह्वाइटहेडले लेख्नुभएको छ, "यो अदालतले के भन्छ भनेर स्पष्ट रूपमा बताउने न्यायिक आदेशको सरकारको परिणाम उन्मुख पुनर्लेखनलाई मनोरञ्जन गर्दैन।"

यो मुद्दा यहुदी शरणार्थी गैर(लाभकारी एचआइएएस, क्रिश्चियन समूह चर्च वर्ल्ड सर्भिस, लुथरन कम्युनिटी सर्भिसेस नर्थवेस्ट र धेरै व्यक्तिद्वारा दायर गरिएको थियो।

ती गैरनाफामूलक संस्थाहरूले फेब्रुअरीमा दायर गरेको मुद्दामा आफ्नै देशमा आफ्ना सबै सामानहरू बेचेर यात्रा गर्न लागेका धेरै व्यक्ति ट्रम्पको आदेशद्वारा अचानक अलमलमा परेको बताएका थिए।

शरणार्थी पुनःस्थापना अन्ततः अमेरिकी नागरिकताका लागि केही कानूनी मार्गहरू मध्ये एक थियो र पूर्व राष्ट्रपति जो बिडेनद्वारा अङ्गीकार गरिएको थियो। बाइडेनले जलवायु परिवर्तनबाट प्रभावित व्यक्तिहरूलाई समावेश गर्न कार्यक्रमका लागि योग्यता विस्तार गर्नुभएको थियो।

ट्रम्पको ह्वाइट हाउस अभियानमा आप्रवासीहरूका बारेमा कटुता देखिएको थियो।

उहाँले निर्वासनको कडा कार्यक्रमलाई पनि अगाडि बढाउनुभएको छ र अत्यधिक प्रचारित सैन्य उडानहरूले मानिसहरूलाई ल्याटिन अमेरिकाका देशहरूमा हातकडी लगाएर लगेका छन्।

# मर्जरको विरुद्ध सम्पदा लघुवित्त वित्तीय संस्थाका कर्मचारी आन्दोलनमा



**दैनिक समाचारदाता**
**राजविराज, २३ बैशाख ।**
सम्पदा लघुवित्त वित्तीय संस्थाका कर्मचारी आन्दोलनमा उत्रिएका छन् ।

साविको साधना र सबैको लघुवित्त वित्तीय संसथाबीचको मर्जरपछि बनेको सम्पादा लघुवित्तमा कर्मचारीबीच विभदपूर्ण व्यवहार भएको भन्दै उनीहरु आन्दोलनमा उत्रिएका हुन् ।

आन्दोलन कार्यक्रम अन्तर्गत मंगलबार कालोपटी बाधेर आधा दिन पेनडाउन समेत गरेका छन् र बुधबार पनि यस्तो कार्य जारि रहने कर्मचारीहरुले बताएको छ ।

बैशाख २१ गतेबाट आन्दोलनमा उत्रिएका कर्मचारीहरुले २५ शान्तिपूर्ण प्रदर्शनसहित शाखा कार्यालयको नियमित कामकाज पूर्ण रुपमा बन्द गर्ने घोषणा गरेका छन् भने कर्मचारीहरुले चौथो चरणमा बैशाख २८ गतेपछि संस्थाको केन्द्रीय कार्यालय घेरा उगर्ने र कुनै पनि कार्यालयमा दैनिक काम नगर्ने नगराउने घोषणा गरेका छन् ।

लघुवित्तमा देखिएको लफडा सुल्झाउन संघर्ष समितिले कम्पनी सचवि मार्फत २०८२ बैशाख ७ गते नै २८ बुँदे मागपत्र संचालक समितिलाई बुझाएको थियो ।

हालसम्म उक्त मागपत्रको कुनै सुनुवाई नभएपछि चरणबद्ध आन्दोलनका यर्काक्रम घोषणा गर्नुपरेको आन्दोलनरत कर्मचारीले बताएका छन् । उनीहरुले भेदभावविरुद्ध संघर्ष समितिको नेतृत्वमा अघि बढाइएको आन्दोलनको सूचना संस्थाका प्रमुख कार्यकारी अधिकृत(सिइओ) समक्ष औपचारिक रुपमा बुझाइएको बताएकोछ ।

मर्जरपछि संस्थाभित्र देखिएको पक्षपाती व्यवहार, पारदर्शिताको अभाव र न्यायोचित प्रक्रिया नअपनाएका कारण कर्मचारीहरुबीच गम्भीर असन्तोष पैदा भएको संघर्ष समितिका अध्यक्ष दिपेन्द्र तामांगद्धारा हस्ताक्षरित पत्रमा भनिएको छ ।

त्यस्तै संस्थाले आफुहरुको मागप्रति वेवास्ता गरे वा कुनै पनि हस्तक्षेप, दबाव वा अमानवीय व्यवहार गरे प्रतिरक्षाका लागि कठोर कदम चाल्ने आन्दोलनरच कर्मचारीहरुले चेतावनी समेत दिएका छन् ।

यता संस्थाका नवनियुक्त अध्यक्ष प्रदिप सिग्देलले दुई संस्था एक हुँदा यस्तो समस्या देखिनु सामान्य भएको भन्दै समस्या समाधान गर्नैपर्ने र बोर्ड त्यसका लागि तयार रहेको पनि बताएका छन ।

# प्रभावकारी बन्दै सुत्केरी तथा गर्भवती पोषण कार्यक्रम

सिरहा, २३ वैशाख (रासस) ।
सिरहाको लहान नगरपालिकाले तीन वर्षअघिदेखि सञ्चालन गरेको ‘सुत्केरी तथा गर्भवती पोषण कार्यक्रम’ प्रभावकारी बन्दै गएको छ । नगरपालिकाका २४ वटै वडाका सुत्केरी तथा गर्भवतीलाई क्रमशः प्रत्येक महिनाको २२ गतेका दिन कार्यक्रमअन्तर्गत पोषण वितरण गर्रिदै आइएको हो ।

सोही अनुसार सोमबार वडा नं २२ का ४० जना गर्भवती तथा सात जना सुत्केरी गरी ४७ जनालाई एक कार्यक्रमको आयोजना गरी नगरप्रमुख महेशप्रसाद चौधरीले पोषणका सामग्री वितरण गर्नुभयो ।

स्थानीय तहको निर्वाचनअघि जनतासँग गरिएका प्रतिबद्धताअनुसार आफू नगरप्रमुख पदमा निर्वाचित भएदेखि भविष्यमा जन्मिने बच्चा स्वस्थ होस् भन्ने उद्देश्यले गर्भवती तथा सुत्केरीलाई कार्यक्रममार्फत पोषण वितरण सुरु गरिएको नगरप्रमुख चौधरीले बताउनुभयो ।

“सुत्केरी अवस्थामा अतिविपन्न परिवारका महिलाले पोषिलो खानेकुरा खान नपाउँदा बच्चामा कुपोषण हुने तथा आमाको स्वास्थ्यमा पनि समस्या हुने जोखिम रहन्छ । त्यसलाई रोक्न थोरै भए पनि सहयोग गरौँ भन्ने उद्देश्यले यो कार्यक्रम सुरु गरका हौँ”, उहाँले भन्नुभयो, “अहिले यो अत्यन्त प्रभावकारी भइरहेको छ ।”

स्वास्थ्य संस्थामा नियमित जाँच गर्ने सुत्केरी तथा गर्भवतीलाई कार्यक्रममार्फत पोषण सामग्री वितरण गर्ने नीतिका कारण सुविधा पाएसँगै अहिले स्वस्थ्य संस्थामा नियमित जाँच गर्नेको सङ्ख्या बढ्दै गएको नगरपालिकाकी सिनियर अनमी रिता यादवले बताउनुभयो ।

उहाँका अनुसार यस कार्यक्रममार्फत हालसम्म चार हजारभन्दा बढी सुत्केरी तथा गर्भवतीले सुविधा पाइसकेका छन् । कार्यक्रमअन्तर्गत चामल, दाल, नुन, तेल, चना, सोयाविनलगायत पौष्टिक आहार र खाद्यान्न सामग्री वितरण गर्ने गरिएको उहाँको भनाइ छ ।

नगरभित्र विपन्न तथा दलितको जनसङ्ख्या उल्लेख्य भएकाले यहाँका सुत्केरी तथा गर्भवतीको पोषणको अवस्था सुधारका लागि आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिइने नगरप्रमुख चौधरीले बताउनुभयो । पोषण सामग्री प्राप्त गरेसँगै गर्भवती तथा सुत्केरीले खुसी भएका उहाँले जानकारी दिनुभयो ।

# सम्पत्ति छानबिन गर्न आयोग गठनको माग

काठमाडौँ, २३ वैशाख (रासस) ।
नेपाली कांग्रेसका सांसद धनराज गुरुङले नेता र कर्मचारीको सम्पत्ति छानबिन गर्न शक्तिशाली उच्चस्तरीय छानबिन आयोग गठनको माग गर्नुभएको छ ।

प्रतिनिधिसभाको मंगलवारको बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले यही वैशाख १९ गते शुक्रबार सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८२/८३ को सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलका क्रममा दलीय आधारमा आफ्नो धारणा राख्दै उक्त माग गर्नुभएको हो ।

सांसद गुरुङले भ्रष्टाचारको अन्त्य गर्दै सुशासनका निम्ति २०४६ सालयता लाभ पदमा पुगेका सबै नेता र कर्मचारीको सम्पत्ति छानबिन गर्न शक्तिशाली उच्चस्तरीय छानबिन आयोग गठन हुनुपर्ने माग गर्नुभयो ।

त्यस्तो आयोगले अध्ययन गरेपछि सम्पत्तिको स्रोत नखुलेमा त्यस्तो सम्पत्ति जफत हुनुपर्ने उहाँको भनाइ छ । उहाँले सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरणका लागि प्रस्तुत नीति तथा कार्यक्रमको स्वागद गर्दै सहमतिका आधारमा संशोधन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले संविधान संशोधनका निम्ति सर्वदलीय समिति गठन गरिनुपर्छ भन्नुभयो ।

उपसभापति गुरुङले सरकार गठनका क्रममा राजनीतिक दलबीच समन्वय, आपसी संवाद, सहकार्य र सहमति भए जस्तै देशको विकासका निम्ति पनि दलहरूबीचको सहकार्य गर्नुपर्नेमा जोड दिनुभयो । “फरक पार्टी वा फरक विचार हुँदैमा शत्रुतापूर्ण व्यवहार नगरौँ, हाम्रो साझा शत्रु गरिबी हो, गरिबीको विरुद्ध लागौँ,” उहाँले भन्नुभयो ।

# जानकी नवमीमा मैथिल महिला परिषदद्वारा विचार गोष्ठी आयोजना

**दैनिक समाचारदाता**
**राजविराज, २३ बैशाख ।**
मैथिल महिला परिषद सप्तरीले जानकी नवमीको अवसरमा विचार गोष्ठीको आयोजना गरेको छ ।

राजविराज स्थित मैथिली भवनमा मंगलबार आयोजना गरिएको कार्यक्रममा प्रमुख अतिथि अवकाश प्राप्त शिक्षक मञ्जु श्रेष्ठले जानकीबाट पाठ सिकी महिलाहरुले संयमता र धैर्यता राखेर समाजमा रुपान्तरणको प्रयासमा लाग्नुपर्ने बताएकी छिन् ।

उनले भगवान रामलाई मर्यादा पुरुषोत्तम राम बनाउनमा सिताको भुमिका प्रमुख रहेको बताउँदै अनेकौ दु:ख कष्ठ सहेपनि धैर्यता नगुमाएर सिताले नारी धैर्यताको प्रर्याय भएको सिद्ध गरेको बताईन् । आजको समाजमा नारीमा सहनशिलताको कमी भएर उच्छ्रखंलता बढ्दै गएको प्रति उनले चिन्ता व्यक्त गरिन् ।



कार्यक्रममा मैथिली साहित्य परिषद सप्तरीका निर्वतमान अध्यक्ष सत्तिश कुमार दत्तले जानकी नवमीमा मधेश प्रदेश सरकारले विदा दिन थाल्नु साकारात्मक भएको र यसको लागि परिषदले निकै संघर्ष गर्नु परेको बताए ।

उनले अब संघीय सरकारले पनि मिथिला क्षेत्रको भावनाको सम्मान गर्दै राष्टिूय विदा दिनुपर्ने आवश्यकता औल्याए ।

मधेश प्रदेश सरकारले अब राज्यको कामकाजको भाषा मैथिलीलाई स्वीकृती दिए मात्र माता जानकीको सम्मान हुने र जानकी नवमी सार्थक हुने दत्तको भनाई छ ।

मैथिल महिला परिषदका अध्यक्ष मालती चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा प्रा.बन्दना मिश्र, पूर्व अध्यक्ष शान्ति झा लगायतकाले आफ्ना विचार राख्दै माता जानकीको जीवनी र समाजमा त्यसको प्रभावको विषयमा उल्लेख गरेकी छन् ।

कार्यक्रममा ललिता कर्ण, सुधा दत्त, विनिता कर्णसहितका महिलाहरुले सोहर, गोसाओनी गीत लगायतका मैथिली गीतहरु प्रस्तुत गरेकी थिइन ।

# खडक वारियर्सले कब्जा गरे जिल्ला क्लव स्तरिय टि-टवान्टी क्रिकेटको उपाधी

**दैनिक समाचारदाता**
**राजविराज, २३ बैशाख ।**
जिल्ला क्लब स्तरिय क्रिकेट प्रतियोगिताको उपाधी खडक वारियर्सले हात पारेको छ ।

राजबिराज स्थित पविमाबिको खेलमैदानमा मंगलबार सम्पन्न फाईनल खेलमा रुपनी राईडर्सलाई ९६ रनले हराउँदै खडक वारियर्सले उपाधी माथि कब्जा जमाएको हो ।

क्रिकेट बिकास प्रतिष्ठान सप्तरीद्वारा संचालित प्रतियोगितामा टस जितेर ब्याटिङ्ग रोजेको वारियर्सले निर्धारित १६ ओभरको खेलमा ५ बिकेट गुमाएर १ सय ९४ रनको विशाल योगफल खडा गरेको थियो ।

जसमा ब्याटिंग तर्फ अमित यादबले सर्वाधिक ९० रनको योगदान गरे भने पप्पु यादब (बि) ले ५१, राहुल बिक २२ र नितेश यादब(बि) १० रनको योगदान गरेका थिए ।

बलिंग तर्फ रुपनी राईडर्सका गुणानन्द राय र असोक मेहताले समान २/२ तथा रेबति रायले १ बिकेट लिए ।




१ सय ९५ रनको विजय लक्ष्य लिएर जवाफी ब्याटिङ्गमा उत्रिएका रुपनी राईडर्सले १५ दशमलव २ ओभरमा सबै बिकेट गुमाएर मात्र ९८ रन मात्र जोडन् सक्यो ।

ब्याटिंग तर्फ रुपनी राईडर्सका बिकास दास २७, भोला साह २४ र ओम प्रकाशले ११ रनको योगदान दिए । बलिंग तर्फ खडक वारियर्सका पप्पु यादब र जितु यादबले समान ३/३, मोहम्मद सकिम २ तथा नितिश यादब(बि) र राहुल बिकले १/१ बिकेट लिएका थिए।

प्रतियोगितामा बिजेता खडक वारियर्स ले २१ हजार र उपबिजेता रूपनीले ११ हजार नगद पुरस्कार समेत प्राप्त गरेका छन । फाईनल खेलको प्लेयर अफ द म्याच अमित यादब घोषित भए भने प्लेयर अफ द सिरिज पप्पु यादब(बि), बेस्ट ब्याटर अमित यादब, बेस्ट बलर गुनानन्द राय घोषित भए ।

प्रतियोगिता समाप्तिपछि प्रतिष्ठानका अध्यक्ष ई. इन्द्र नारायण देवको अध्यक्षतामा आयोजित पुरस्कार वितरण समारोहमा प्रमुख अतिथि मधेश प्रदेश सांसद तथा पुर्व शिक्षा मन्त्री महेश प्रसाद यादब, नेपाल क्रिकेट सँघका केन्द्रीय सदस्य आयुष श्रेष्ठ, वडाध्यक्ष रामएकवाल यादब, सप्तरी क्रिकेट सँघका सचिव चन्दनकुमार यादब लगायतले बिजेता, उप बिजेता टिमलाई शिल्ड, कप, मेडल, प्रमाणपत्र प्रदान गरेका थिए । समापन समारोहको कार्यक्रम संचालन क्रिकेट बिकास प्रतिष्ठानका सचिव भोगेन्द्र चौधरीले गरेका थिए।

## विविध...

स्थान पाउन नसकेको बताए ।

उनले देशमा परिवर्तन आएपछि सबै राजनीतिक दल मातृभाषाको संरक्षण सम्बर्द्धनमा लाग्नुपर्नेमा जोड दिए । मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडी़ले मैथिली भाषाको मानक निर्माण वर्तमान समयमा चुनौतीपूर्ण रहेको उल्लेख गर्दै प्रदेशको नाम ‘मधेश’ भएतापनि भाषा मैथिली हुनुपर्ने माग गरे ।

मिलाफ नेपालकी अध्यक्ष रमिला साहको अध्यक्षतामा आयोजित कार्यक्रममा मधेश प्रदेशकी पूर्व उपसभामुख उपमा देव, प्रदेशसभा सदस्य किरण कुमारी साह, संस्थापक अध्यक्ष देवेन्द्र मिश्र, मैथिली साहित्य परिषदका पुर्व अध्यक्ष सत्तिश कुमार दत्त, मिलाफकी सल्लाहकार करुणा झा, समाजसेवी ई. सूर्य नारायण यादव, डा. सूर्य प्रसाद याद, स्थानीय समाजसेवी जयप्रकाश यादव, वडाध्यक्ष ललन यादवले घर-घरमा मैथिली भाषाको प्रयोग र प्रचारको आवश्यकता औंल्याएका थिए ।

कार्यक्रममा कंचन झा र किरण झाले मैथिली भाषाको सोहर गीत गाएकी थिईन् भने रितुल, संजु र नितु पण्डित लगायतकाले नृत्य प्रस्तुत गरेकी थिईन् । सोही कार्यक्रममा कृष्णाराम युवा सम्मानः अशोक झा ‘संतोष’ दिनाभद्री मिथिला माटि सम्मानः रामकुमार मण्डल, सुखी-फूलो मिथिला गौरव सम्मानः विद्या भारतीलाई पुस्कार तथा सम्मान गरिएको मिलाफले जनाएको छ ।

सोही कार्यक्रममा भएको साधारणसभाको बन्द सत्रले डा राम खेलावन यादवको अध्यक्षतामा नयाँ कार्य समिति समेत चयन गरेको छ । समितिको उपाध्यक्षमा सुभाष विरपुरिया, सचिवमा गजेन्द्र गजुर, सहसचिवमा राज राय र कोषाध्यक्षमा ललिता झालाई चयन गरिएको छ ।

यसैगरि सदस्यहरुमा फूलदेव मण्डल, कमल मण्डल , प्रतिमा देव, कंचन झा, पिंकी झा, मंजु साह र शम्भू श्री लाई चयन गरिएको छ ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*